# १२

# फसलको समय र कटानी अर्थात् सुसमाचार प्रचार गर्नेहरु

*यस अध्यायका मूल पदहरू:* यूहन्ना १:४०-४६, यूहन्ना ४:२८-३०, लूका २४:४७-५३, प्रेरित १:६-८, मत्ती ९:३६-३८, लूका १५।

*स्मरण गर्नुपर्ने पद:* **"जब तिमीहरूले धेरै फल फलाउँछौं तब त्यसले मेरो पिताको महिमा हुन्छ। त्यसद्वारा नै तिमीहरू मेरा भक्तहरू हौ भन्ने प्रमाणित हुन्छ। यूहन्ना १५:८ रूपान्तरित)।**

**यथार्थमा भन्ने हो भने जुन विषय वस्तु गत अध्यायमा छलफल गरेका थियौं त्यसलाई प्रथम भाग भनि यस अध्यायलाई दोस्रो भाग भने पनि हुन्छ।** परमेश्वरको राज्यको सुसमाचार सुनाउन ख्रीष्टले कसरी आध्यात्मिक अगुवाहूलाई तालिम दिनुभयो भनेर अघिल्लो अध्यायमा हेरेका थियौं। येशूले प्रयोग गर्नुभएको तालिमको निति र प्रणालीलाई येशूका वर्तमान युगका निष्ठावान येशूभक्तहरूलाई पनि लागु हुनै पर्छ भनेर यस अध्यायमा केन्द्रित गर्नेछौं।

वर्तमान समयमा मानिसलाई अगुवाको बन्नको निम्ति प्रशिक्षण दिन विभिन्न अत्याधुनिक वैज्ञानिक उपकरणहरू प्रयोग गरिन्छ। त्यसको महत्त्वता आफैमा भएतापनि येशूभक्तलाई अगुवा बनाउने विधि जुन् येशू आफैले स्थापना गर्नभयो त्यसलाई कुनै पनि अरू विधि वा प्रविधिले साट्नु हुन्न। जब अत्याधुनिक प्रविधि होस् वा मानिसलाई उत्तेजित बनाएर येशूतिर खिँच्न खोज्दछ तब त्यसले मानिसहरूको आत्मिक जीवनको गहिऱ्याइमा लान्छ भन्ने छैन। किनभने त्यो उत्तेजित समय पार भएपछि आत्मिक रूपमा मानिसहरू फेरि चिसो भएर सेलाएर जाने प्रवृत्ति वढि भएको पाइएको छ। त्यसमा पनि जब प्रचारकहरूले संख्यामा वढि जोड दिएर मानिसलाई उत्तेजित पारेर विना आमूल परिवर्तन नगरि आफ्नो भाऊ खोज्न इसाई बनाउँछन् तब परमेश्वरको लक्ष्यलाई त्यस्ता प्रचारकहरूले तहसनहस गर्न खोजेको हुन्छ।

मानिसहरूलाई आत्मिक संघर्षको निम्ति तयार गर्नुपर्छ। जब ठूलो तमाशा देखाएर इसाई बनाउनको निम्ति अगुवाहरूलाई तालिम दिन्छ तब त्यसले चर्च र विश्‍वासीको जीवनमा विभिन्न समस्याहरूलाई निम्त्याउँछ। सुसमाचारको सत्य रूपमा प्रचार गर्न र येशूका निष्ठावान चेलाहरू बनाउने मूख्य आधारहरू यी हुनुपर्दछः (१) हामीहरू पापी छौं भनि स्वीकार गर्दै पापको स्वभावलाई राम्रोसंग बुझ्नु (२) सच्चा हृदयले आफूले गरेको पाप अधर्म र दुष्टताको पहिचान गरेर त्यसको दुःख मनाउ गर्नु (३) आफ्नो सम्पूर्ण जीवनलाई पूरै आत्मिक रूपमा परमेश्वरमा सुम्पिनु (४) र आफूले पाएको सुसमाचारको स्वाद अरूलाई पनि चाख्न दिने वा प्रचार गर्ने ठूलो चाहना गर्नु।

## १. मागनेहरूको रोटी (यूहन्ना १:४०-४६)

आफू यस संसारबाट स्वर्गमा उक्लिएर जानेछु भन्ने ज्ञान ख्रीष्टमा थियो। तर उहाँ गएपछि उहाँसँगसँग हिंडेका, उहाँका वचनहरू सुनेर रमाएका, उहाँको निम्ति घरबार त्यागेर पछि लाग्ने चेलाहरूको गति के हुनेछ भन्ने कुरामा उहाँको पिर हुनु स्वभाविकै थियो। निश्‍वार्थतरिकाले उहाँले तिनीहरूको सेवाटहल गर्नुभएको थियो र तिनीहरूलाई भित्रीहृदयदेखि प्रेम गर्नुभएको थियो। तिनीहरूलाई एकलै छोड्न मनासिव थिएन। उहाँ स्वर्गमा फर्केर जानै पर्थ्यो। त्यसकारण तिनीहरू अकेला नहोस् भनेर पवित्र आत्मा तिनीहरूको साथमा रहन अऱ्हाइएको थियो। जसरी येशू तिनीहरूसँग रहँदा तिनीहरू आत्मिकरूपमा रमाएका थिए त्यही आत्मिक रमाहत पवित्र आत्माले दिन अपेक्षा गरिएको थियो।

पवित्र आत्माको बारेमा ख्रीष्टले सिकाउनुभएको विद्या यति महत्त्वपूर्णको थियो कि यूहन्नाले त्यसको निम्ति धेरै अध्यायहरू लेखेका थिए। पवित्र आत्माले गर्नुहुने धेरै कामहरूमध्ये एउटा उल्लेखनीय कामचाहीँ ख्रीष्टको बारेमा जानकारी गराउनु थियो। यस संसारमा रहँदा येशूले के गर्नुभयो र के सिकाउनु भयो भनेर पवित्र आत्माकै अगुवाइमा चेलाहरूले संसारमा फैलाइनुपर्दथ्यो। सारा सृष्टिका मालिक परमेश्वरले स्वर्गदूत वा कुनै अलौकिक जीवहरू पठाएर यस संसारमा सुसमाचार

प्रचार गर्न सकिन्थ्यो। तिनीहरूलाई कुनै मानव सहायताको आवश्यक हुने थिएन। तर परमेश्वरले पापी, कमजोरी, भूलैभूल गर्ने, अशिक्षित भनेर आरोप पाएकाहरू, रूखो जस्ता मानिसहरूलाई नियुक्त गरेर उहाँको पवित्र कामको निम्ति खटाउनुभयो।

यदि मानिस परमेश्वरसँग मिलेर काम गरियो भने उसले अपार काम गर्न सक्छ भनेर बाइबलमा जताततै उल्लेख गरिएको छ। मानिसहरूलाई सुसमाचार सुनाएर परमेश्वरमा ल्याउन उहाँ र मानिसहरूको बीचमा तालमेल भएर नै चल्न किन पर्छ भनेर देहायका पदहरूले देखाएकोलाई हामीले कसरी आत्मसात् गर्ने? यूहन्ना १:४०-४६ "यूहन्नाले भनेका कुरा सुन्ने र येशूलाई पछ्याउने ती दुई जनामध्ये एक जना सिमोन पत्रुसका भाइ अन्द्रियास थिए। ४१ तिनले पहिले आफ्ना भाइ सिमोनलाई भेट्टाए, र उनलाई भने "हामीले मसीहलाई (जसको अर्थ हो, ख्रीष्ट) भेट्टाएका छौं।" ४२ तिनले सिमोनलाई येशूकहाँ ल्याए। येशूले उनलाई हेर्नुभयो र भन्नुभयो, "तिमी योआनेसको छोरा सिमोन हौ, तिमी केफास (जसको अर्थ हो, चट्टान) भनिनेछौ।" ४३ भोलिपल्ट उहाँले गालीलमा जाने निश्चय गर्नुभयो। र फिलिपलाई भेट्टाएर उहाँले तिनलाई भन्नुभयो,' मेरो पछि लाग।" ४४ अन्द्रियास र पत्रुसजस्तै फिलिप पनि बेथसेदा सहरका नै थिए।४५ फिलिपले नथानेललाई भेट्टाएर भने, "जसको विषयमा मोशाले व्यवस्थामा र अगमवक्ताहरूले पनि लेखेका थिए, योसेफका पुत्र नासरतका येशूलाई हामीले भेट्टाएका छौं।" ४६ नथानेलले तिनलाई भने, "के नासरतबाट केही असल कुरा आउन सक्छ र?" फिलिपले तिनलाई जवाफ दिए, "आएर हेर।" ४७ येशूले नथानेललाई आफूकहाँ आइरहेका देखेर तिनको विषयमा भन्नुभयो, "एक जना पक्का इस्राएलीलाई हेर, जसमा कुनै छल छैन।" ४८ नथानेलले सोधे, "तपाईंले मलाई कसरी चिन्नुभयो?" येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "फिलिपले तिमीलाई बोलाउन अघि, अञ्जीरको रूखमुनि मैले तिमीलाई देखेको थिएँ।" ४९ नथानेलले उहाँलाई भने, "रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ।" ५० येशूले तिनलाई जवाफ दिई भन्नुभयो "मैले तिमीलाई अञ्जीरको रूखमुनि देखें भनेकोले नै तिमी विश्वास गर्दछौ? तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ।" ५१ अनि उहाँले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई

भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लँदैगरेका देख्नेछौ।", यूहन्ना ४:२८-३० " तब त्यो स्त्री आफ्नो गाग्रो छोड़ेर नगरतिर गई, र मानिसहरूलाई भनी, "आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो। कतै उहाँ नै ख्रीष्ट त हुनुहुन्न?" तब तिनीहरू नगरबाट निस्केर उहाँकहाँ गए।" यूहन्ना १५:२६,२७ "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ।२७ तिमीहरू सुरुदेखि नै मेरो साथ रहेका हुनाले, तिमीहरू पनि मेरा साक्षी हौ।" र यूहन्ना १९:३३-३६ "जब तिनीहरू येशूकहाँ आए तिनीहरूले देखे, कि उहाँको मृत्यु अघि नै भइसकेको रहेछ, र उहाँका खुट्टा भाँचेनन्। ३४ तर सिपाहीहरूमध्ये एक जनाले उहाँको कोखामा भालाले घोच्यो, र तुरुन्तै रगत र पानी निस्क्यो। ३५ तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। तिमीहरू पनि विश्वास गर्न सक भनी यो देख्नेले गवाही दिएको हो र उसको गवाही साँचो छ, र साँचो बोल्दछु भनी ऊ जान्दछ। "उहाँको कुनै पनि हड्डी भाँचिनेछैन" भन्ने धर्मशास्त्रको वचन पूरा होस् भनेर यी कुरा हुन आए।"

"एक जना माग्नेले अर्को माग्नेलाई रोटी कहाँ पाइन्छ भनेर खबर दिने काम हो" भनेर सुसमाचारको प्रचारलाई वाख्या गरिएको छ। आन्द्रुले एकदम राम्रो काम गरेको देखाइएको छ। उनले आफ्नो दाजु पत्रुसलाई येशूकहाँ ल्याएको कारणले नै एक दिन पत्रुसका लेखरहरू पवित्र धर्मशास्त्र बाइबलमा समावेश गर्न पुगेको थियो। अनि पत्रुसले ख्रीष्टको निम्ति गरेका कामहरू प्रेरितको पुस्तकमा लेखा राख्न पुगेको थियो। ख्रीष्टका तिन जना घनिष्ठ मित्रहरूमा पत्रुसलाई पनि समावेश गरिएको थियो। जुन् लोकप्रिय सम्मान पत्रुसले पाएको थियो त्यो सम्मान आन्द्रुले पाएको थिएन। तर मानिसहरूलाई येशूकहाँ कसरी ल्याउनुपर्छ भन्ने येशूको सरल निर्देशन आन्द्रुले मानेकै कारण उनले विशेष पहिचान पाएका थिए।

चर्चमा विभिन्न सेवाकार्य गर्ने सेवकहरू, प्रचार गर्ने अगुवाहरू, चर्च संचालन गर्ने विभिन्न ओहोदाका व्यक्तिहरू र अगुवाहरूलाई

कतिजना त्यस्ता येशूका भक्तहरूले येशूतिर खिँचेका हुन्छन् तर तिनीहरूको पहिचान विर्सिएका हुन्छन्? येशूका कतिपय तत्कालिन चेलाहरू र आजका भक्तहरू पनि प्रख्यात हुन पुगेको थिएन र हुँदैन पनि। यदि त्यस्ता प्रख्यात नभएका वा नाउँ नभएका वा नाउँ नचलेका येशूका उपासकहरूले इमान्दारीपूर्वक येशूको साछी भएर क्रियाशील नभएको भए उहाँको काम कतिको अपाङ्ग हुने थियो होला, के तपाईंले कहिल्यै सोच्नुभएको छ? ठूलो ठूलो काम गरेर मानिसहरूलाई आकर्षित बनाउँदै येशूकहाँ ल्याउने महत्त्वपूर्ण काम चेलाहरूलाई पहिला सुम्पनु भएको थिएन। बरू दैनिक जीवनमा सरल कर्तव्य निर्वाह गरेर मानिसहरूलाई येशूतिर खिँचाउने तालिम उहाँले आफ्ना चेलाहरूलाई दिनुभएको थियो। उदाहरणमा अनामिका र चरित्रविहिन कहलाइएको सामरी स्त्री (यूहन्ना ४), फिलिप र आन्द्रुलाई लिन सक्छौं। इमान्दारी र सच्चा हृदयले येशूको बारेमा अरूलाई जानकारी दिँदा त्यसले मानिसहरूको हृदय कसरी छुन्छ भनेर ती वृतान्त हाम्रो निम्ति ज्वलन्त उदाहरण मान्नु पर्छ। सादा तरिकाले येशूतिर ल्याउने काम हामीलाई पनि त्यसरी नै सुम्पिएको छ।

## २. जब येशूले धैर्यता हुन प्रोत्साहन गर्नुहुन्छ (लूका २४:४७-५३)

**लूका २४:४४-५३ "उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग हुँदा मैले बोलेका वचनहरू यी नै हुन्, अर्थात् मोशाको व्यवस्था, अगमवक्ता र भजनका पुस्तकमा मेरो विषयमा लेखिएका सबै कुरा पूरा हुनैपर्छ।" ४५ तब धर्मशास्त्र बुझ्नलाई उहाँले तिनीहरूको समझ खोलिदिनुभयो। ४६ उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ, कि ख्रीष्टले दुःख भोग्नु र तेस्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ, ४७ अनि यरूशलेमबाट सुरु गरेर सबै जातिहरूलाई उहाँको नाउँमा पश्चात्ताप र पाप-क्षमाको प्रचार हुनुपर्छ। ४८ तिमीहरू यी नै कुराका साक्षी हौ। ४९ हेर, म मेरा पिताको प्रतिज्ञा तिमीहरूकहाँ पठाउँछु, तर माथिबाट शक्ति प्राप्त नगरुञ्जेल तिमीहरू यही सहरमा बसिरहो।" ५० त्यसपछि उहाँले तिनीहरूलाई बेथानियासम्म लैजानुभयो, र आफ्नो हात उचालेर तिनीहरूलाई आशीर्वाद दिनुभयो। ५१ उहाँले तिनीहरूलाई आशीर्वाद दिनुहुँदैगर्दा, उहाँ तिनीहरूबाट छुट्टिनुभयो र स्वर्गमा लगिनुभयो। ५२**

तिनीहरूले उहाँको उपासना गरे, र बड़ो आनन्दसाथ यरूशलेम फर्के। ५३ अनि तिनीहरू परमेश्वरको प्रशंसा गर्दै मन्दिरमा निरन्तर रहन लागे।", प्रेरित १:६-८ "यसकारण जब प्रेरितहरू भेला भए, तब तिनीहरूले उहाँलाई सोधे, "हे प्रभु, के तपाईंले इस्राएल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" ७ उहाँले तिनीहरूलाई भन्नुभयो, "पिताले आफ्नो अधिकारद्वारा तोक्नुभएको बेला वा समय जान्ने तिमीहरूको काम होइन। ८ तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।" र प्रेरित १६:६-१० " पवित्र आत्माबाट एशियामा वचन प्रचार गर्न मनाही भएकोले तिनीहरू फ्रिगिया र गलातियाका इलाकाहरू भएर गए। माइसियाको साँधमा आएपछि तिनीहरूले बिथिनियातर्फ जाने विचार गरे। तर येशूका आत्माले तिनीहरूलाई जान दिनुभएन। तब माइसिया भएर तिनीहरू त्रोआसमा गए। राती पावललाई एउटा दर्शन भयो– माकेडोनियाको एक जना मानिस खड़ा भई तिनलाई बिन्ती गरिरहेको थियो, "माकेडोनिया आउनुहोस्, र हामीलाई सहायता गर्नोस्।" जब तिनले यो दर्शन पाए, तुरुन्तै हामी माकेडोनिया जान तयार भयौं। हामीले यो निश्चय गऱ्यौं कि तिनीहरूलाई सुसमाचार प्रचार गर्न परमेश्वरले हामीलाई बोलाउनुभएको रहेछ।"

पवित्र आत्माको पर्खाइ अत्यन्त आवश्यक छ भनेर उपरोक्त पदहरूले हामीलाई कसरी सिकाउँछ? प्रारम्भिक चर्चमा येशूको सुसमाचार सुनाउन पवित्र आत्माको कस्तो उल्लेखनीय भूमिका रहेछ भनेर ती पदहरूले कसरी देखाउँछ? पावलले दुःख, निराश, कष्ट र परिक्षाको सामना कसरी गरे भनेर थाहा पाएपछि आजका विश्वासीहरूले त्यसबाट के पाठ सिक्न सक्छ? परमेश्वरको आफ्नै समय र धैर्यताको बारेमा उपरोक्त पदहरूले हामीलाई कसरी सिकाउँछ?

विभिन्न अर्तिउपदेश सुनाएर र उदाहरणद्वारा येशूले धैर्यताको बारेमा चेलाहरूलाई सिकाउनुभएको थियो। यस संसारमा रहँदा येशू आफैले पनि अरूप्रति उहाँमा राखेका पूर्वाग्रह, भ्रम, डाहा, रिसईवि र आक्रमणहरूको सामना गर्नुपरेको थियो। तै पनि आफ्नो लक्ष्यमा काममा उहाँ विचलित हुनुभएन। उहाँको विरुद्धमा जसले जे भनेतापनि,

जे गरेतापनि जुनसुकै लाञ्छना लगाएतापनि आफ्नो काम धैर्यपूर्वक सुचारु राख्नुभएको थियो। परमेश्वरको आत्मामा पूरा भरोसा राखेको कारणले नै त्यस्तो किसिमको धैर्यता उहाँमा भएको थियो। यदि चेलाहरूमा त्यस किसिमको धैर्यता र भरोसा भएन भने सुसमाचार प्रचार गर्ने काम असफल हुने सम्भावना हुन्छ भन्ने कुरा येशूले बुझ्नुभएको थियो। यदि सुरूमै चेलाहरूले त्यो पाठ सिकेको भए परमेश्वरको निम्ति गरिने तिनीहरूको भावी काममा स्वर्गबाट इनाम पाइने निश्चित थियो। त्यसकारण आफू पृथ्वी छोड्नुभन्दा पहिले येशूले चेलाहरूलाई "पर्ख" भनेर निर्देशन दिनुभएको थियो।

वर्तमान युगका येशूका उपासकहरूले त्यो पाठ सिकुन् भन्ने येशूको प्रवल चाहना हो। मलाई सबै थाहा छ, मलाई बाइबल पूरै आउँछ, विश्वासमा अरू भन्दा म कम छैन, म धेरै वर्षदेखि चर्चमा आएको छु वा क्रिश्चियन भएको छु, म अरू क्रिश्चियन भन्दा अनुभवी छु भन्ने खालका वढि आत्मविश्वासीहरूले पवित्र आत्माको अगुवाईको निम्ति पर्खन जानेन भने त्यस्तो मानिसले सुसमाचारको कामकार्य र परमेश्वरको राज्यलाई लज्जित पार्न सक्छ।

बिथानिया भन्ने देशमा गएर भव्य रूपमा प्रचार गर्ने कार्यक्रम प्रेरित पावलले तर्जुमा गरेका थिए। तर जतिसुकै हठी वा महत्वाकाँक्षी पावल भएतापनि पवित्र आत्माको आवाज र अगुवाईलाई उनले अश्वीकार गरेनन्। आफू नम्र बनेर पवित्र आत्माको चेतावनीलाई सहस्र स्वीकार गरे। बिथानियमा जानुको सट्टा मासडोनियमा जान पवित्र आत्माको निर्देशन उनले पालन गरे। त्यहाँ गएर प्रचारप्रसार गर्दा उनको काममा टेवा दिन धेरै अचम्मका कामहरू भए। तर यदि पावलले जिद्दी गरेर आफ्नै योजना अनुसार चलेको भए युरोप महादेशमा सुसमाचार प्रचार गर्ने काममा धेरै लामो समय लाग्थ्यो।

**हामीहरूको हतार हतार गर्ने जोशलाई कसरी शान्तमा राख्ने जसले गर्दा पवित्र आतमाको अगुवाईलाई हामी पर्खन सक्छौं? येशू र पावलमा भएको धैर्यता हामीमा पनि बिकसित गर्न आजका विश्वासीहरूले कस्ता कस्ता उपायहरू अपनाउनुपर्छ? धैर्यता र प्रार्थनापूर्वक परमेश्वरमा भरोसा राख्ने स्वभावले परमेश्वरसँग हाम्रो सम्बन्ध कस्तो छ भनेर कसरी देखाउँछ?**

## ३. आफ्नो अधिकारलाई प्रयोग (मर्कूस ६:७-१३)

येशू र उहाँका चेलाहरूसँग कस्तो खालको अधिकार थियो र हाम्रो निम्ति त्यसको अर्थ के हो? देहायका पदहरूलाई तुलना गरेर हेर्नुहोस्: मर्कूस ६:७-१३ "उहाँले बाह्र जनालाई आफूकहाँ बोलाउनुभयो, र तिनीहरूलाई दुई-दुई गरी पठाउनुभयो। तिनीहरूलाई अशुद्ध आत्माहरूमाथि अधिकार पनि दिनुभयो।८ तिनीहरूलाई उहाँले यस्तो आज्ञा दिनुभयो: "यात्राको निम्ति साथमा केही नबोक्नू, न त रोटी, न झोला, न खल्तीमा पैसा, तर एउटा लट्ठी मात्र बोक्नू।९ जुत्ता लाउनू, तर अरू बढ़ी दौरा नबोक्नू।"१० उहाँले तिनीहरूलाई भन्नुभयो, "जब कुनै घरमा पसौ ला, जबसम्म त्यस गाउँबाट निस्कँदैनौ तबसम्म त्यहीँ नै बस। ११ यदि कुनै ठाउँमा तिमीहरूको स्वागत भएन भने, र मानिसहरूले तिमीहरूको वचन सुन्न इन्कार गरे भने, त्यस ठाउँबाट तिमीहरू निस्कँदा तिनीहरूका विरुद्धमा गवाहीको लागि आफ्नो पैतालाको धुलो टकटक्याइदिनू।" १२ तब तिनीहरू निस्केर गई मानिसहरूले पश्चात्ताप गरून् भनी प्रचार गरे।१३ तिनीहरूले धेरै भूतहरूलाई निकाले, र धेरै रोगीहरूलाई तेलले अभिषेक गरेर निको पारे।", मत्ती १६:१४-१९, "तिनीहरूले जवाफ दिए, "कसैले बप्तिस्मा-दिने यूहन्ना, कसैले एलिया, र कसैले यर्मिया वा अगमवक्ताहरूमध्ये कुनै एक जना हुन् भनी भन्छन्।" १५ उहाँले तिनीहरूलाई सोध्नुभयो, "तिमीहरू के भन्छौ, म को हुँ?" १६ सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।" १७ येशूले तिनलाई भन्नुभयो, "योनाको छोरो सिमोन, तिमी धन्य हौ। किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होइन, तर स्वर्गमा हुनुहुने मेरा पिताले प्रकट गर्नुभएको हो। १८ म तिमीलाई भन्दछु, कि तिमी पत्रुस हौ। म मेरो मण्डली यस चट्टानमाथि स्थापित गर्नेछु, र नरकका ढोकाहरू त्यसमाथि विजयी हुनेछैनन्। १९ म तिमीलाई स्वर्गको राज्यका साँचाहरू दिनेछु। जे तिमीले पृथ्वीमा बाँध्नेछौ, सो स्वर्गमा बाँधिनेछ, र जे तिमीले पृथ्वीमा फुकाऔला, सो स्वर्गमा फुकाइनेछ।", मत्ती १८:१५-२० "१५ "तिम्रो भाइले तिम्रो विरुद्धमा अपराध गर्‍यो भने, गएर तिमीहरू दुई मात्र हुँदा त्यसको दोष देखाइदेऊ। त्यसले तिम्रो कुरा सुन्यो भने, तिम्रो भाइ आफ्नो भयो।१६

तर त्यसले सुनेन भने आफ्नो साथ अरू एक वा दुई जनालाई लैजाऊ र दुई अथवा तीन साक्षीद्वारा प्रत्येक कुरा पक्का होस्।१७ यदि त्यसले तिनीहरूका कुरा पनि सुन्न इन्कार गऱ्यो भने, मण्डलीलाई भन। त्यसले मण्डलीको कुरा पनि सुन्न इन्कार गऱ्यो भने, त्यो तिम्रो लागि विधर्मी र कर उठाउनेसरह होस्। १८ "साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्छौ, त्यो स्वर्गमा बाँधिनेछ। अनि तिमीहरूले पृथ्वीमा जे फुकाउँछौ त्यो स्वर्गमा फुकाइनेछ। १९ "फेरि म तिमीहरूलाई भन्दछु, पृथ्वीमा तिमीहरूमध्ये दुई जना कुनै कुरामा सहमत भई केही माग्यौ भने, त्यो स्वर्गका मेरा पिताद्वारा तिमीहरूका निम्ति हुनेछ, २० किनकि जहाँ दुई कि तीन जना मेरो नाउँमा भेला हुन्छन्, त्यहाँ म तिनीहरूका माझमा हुनेछु।", मत्ती २८:१८-२० "तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। १९ यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ,२० मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूका साथमा छु।" र यूहन्ना २०:२१-२३ "तब येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "तिमीहरूलाई शान्ति! जसरी पिताले मलाई पठाउनुभयो, त्यसरी म पनि तिमीहरूलाई पठाउँदछु।" २२ अनि यति भनेर उहाँले तिनीहरूमाथि श्वास फुकेर भन्नुभयो, "पवित्र आत्मा लेओ। २३ जसका पाप तिमीहरू क्षमा गर्छौ, तिनीहरूलाई क्षमा हुन्छ, र जसका पाप तिमीहरू क्षमा गर्दैनौ क्षमा हुनेछैन।"

"जुन सत्य वचन पत्रुसले बोले त्यो चर्चको विश्वासको जग थियो। अब सारा विश्वासी समूहको प्रतिनिधि बनाएर येशूले उनलाई सम्मान गर्नुभएको थियो। येशूले भन्नुभयो "मैले तिमीलाई स्वर्गको राज्यको साँचो दिन्छु। तिमीले जे कुरा ताल्चा लगाएर यस पृथ्वीमा बन्द गर्छौ त्यही स्वर्गमा पनि गरिने छ। यस संसारमा जे तिमीद्वे खोल्छौं त्यही स्वर्गमा पनि खोलिनेछ।" (मत्ती १६:१९ रूपान्तरित)।

"स्वर्गको राज्यको साँचाहरू ख्रीष्टका वचनहरू हुन्। पवित्र धर्मशास्त्र बाइबलमा भएका सबै वचनहरू उहाँका हुन् र हामीलाई यहाँ सिकाउन दिइएको छ। स्वर्गका ढोका खोल्न र बन्द गरिने शक्ति ती वचनहरूमा

छन्। कुन अवस्थामा परमेश्वरले मानिसहरूलाई ग्रहण गर्नुहुन्छ वा अश्वीकार गर्नुहुन्छ त्यो ती वचनहरूले सार्वजनिक गर्दछन्। त्यसकारण परमेश्वरको वचन प्रचार गरिने काम नै मानिसहरूलाई जीवनको र मृत्युको स्वाद दिलाउने हो। त्यसकारण परमेश्वरको वचन प्रचार गर्नेहरूले मानिसहरूलाई अनन्त जीवन दिने हो कि अनन्त मृत्यु दिने हो सो उद्देष्यले परिचालित हुन्छ।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ४१३,४१४।

जसरी परमेश्वर पिताले येशूलाई आज्ञा दिनुभयो त्यसरी नै चेलाहरूलाई पनि आज्ञा दिनुहुन्छ। पवित्र आत्माद्वारा नै पिताले ख्रीष्टलाई आफ्नो शक्तिले भर्नुभएको थियो। चेलाहरूलाई यस संसारमा दिएका काम र कर्तव्य अनुसार परिचालित हुन चाहिने परमेश्वरको शक्ति येशूले पवित्र आत्माद्वारा नै भरिदिनुहुन्छ। ख्रीष्टले मलाई चाहिनेमात्रामा शक्ति दिनुभएको छैन भनेर कोही पनि येशूका भक्तले डराएर भन्नु पर्दैन। येशूभक्तलाई चाहिने प्रत्येक दक्षता, प्रतिभा र बल परमेश्वरले दिनुभएको छ।

परमेश्वरको शक्तिले कत्रो ठूलो काम गरिरहेको छ भनेर येशूको उदाहरणले बोल्दछ। यदि कसैलाई आदेश दिने र नदिने अधिकार कसैलाई दिइएको छ भने येशूलाई नै दिइएको छ भनेर बाइबलले देखाउँदछ। तर येशूले त्यो अधिकार आफूमा मात्र सिमित राख्नुभएन। उहाँले अरूलाई पनि त्यसले भरिदिनुभयो। आफ्नो अनुपस्थितिमा पनि काम गर्न येशूले तिनीहरूलाई आदेश दिनुभएको थियो। येशूले दिनुभएको अर्तिशिक्षा र जीवनको उदाहरणहरूले तिनीहरूलाई प्रभाव पारेको थियो। त्यो तरिका अपनाएर उहाँले आफ्ना चेलाहरूलाई सिकाउनुभयो र परमेश्वरको निम्ति काम गर्न र उहाँको गवाही दिन उहाँले तिनीहरूलाई संसारमा पठाउनुभयो।

## ४. कटानी गर्न श्रमीहरूको खाँचो (मत्ती ९:३६-३८)१८४

येशूको वचनको प्रचारप्रसारमा हरदम विभिन्न तरिकाहरू अपनाइनै रहनुपर्दछ। हामीहरू अगाडि वढ्ने क्रममा योजनावद्धरूपमा कसरी जानुपर्छ भनेर सोचिनै रहनुपर्दछ। मत्ती ९:३६-३८मा येशूले आफ्ना चेलाहरूलाई एकदम भावुकता देखाएर आफ्नो मन पोख्नु भएको

**थियो। त्यो समयसामेक्षित भएकोले त्यसलाई हामीले पनि किन आत्मसात् गर्नुपर्छ, हेर्नुहोस्ः "येशू समस्त सहरहरू र गाउँहरूतिर तिनीहरूका सभाघरहरूमा शिक्षा दिँदै, राज्यको सुसमाचार प्रचार गर्दै र हरेक किसिमका रोग र दुर्बलताहरू निको पार्दै हिँड्नुभयो। (मत्ती ४ः२३ मर्क १ः३९ लूक ४ः४४) ३६ तर भीड़हरूलाई देखेर उहाँको हृदय तिनीहरूका निम्ति दयाले भरियो। किनभने तिनीहरू गोठालाविनाका भेड़ाहरूजस्तै हैरान र असहाय भएका थिए। (गन्ती २७ः१७ १ राज २२ः१७ ... )३७ तब उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। (लूक १०ः२) ३८ यसकारण फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदेऊन्।"**

आत्मिक कटानी अर्थात् येशूलाई पछ्याउन चाहनेहरूको प्रवाह प्रचुरमात्रामा वढिरहेको छ। तर कटानी गर्ने अर्थात् तिनीहरूको सेवा गर्ने, तिनीहरूलाई शिक्षादिक्षा दिने र परमेश्वरसँग नजिक राख्न अगुवाइ गर्नेहरूको संख्या एकदम कम छ। मानिसका हृदयका माटा परमेश्वरको आशिष पाउन तयार छन्। आत्मिक बिऊ रोपिएको छ। जब असली रूपमा प्रचारप्रसार गरिन्छ तब त्यसले विश्वासै गर्न नसकिने गरेर मानिसहरू चर्चमा वढिरहेका हुन्छन्। अनि पाकेका आत्माहरू अर्थात् परमेश्वरको नजिक हुन विद्या पाउनको निम्ति मानिसहरू पर्खिरहेका छन्। तर कटानी गर्ने अर्थात् येशूका कर्मठ कार्यकर्ताहरू खोइ त? आफ्ना चेलाहरूलाई पोखाउनुभएको मनको पिडा त्यसैमा केन्द्रित छ। त्यो पिडालाई चेलाहरूले गहिरिएर बुझुन् भनेर नै चलन चल्तीमा आइरहेको प्रतक्ष्य कामहरूलाई औंल्याएर शव्दचित्र कोर्नुभएको थियो। उहाँको काममा लाग्नेहरूलाई प्रोत्साहन दिन ती वचनहरू उहाँले बोल्नुभएको थियो।

कहिलेकाहीँ विश्वासीहरू आफूआफूहरूमा चाहिने भन्दा वेसी टाँसिएर बसिन्छ तर आफ्नो समूदायभन्दा बाहिरका संसारिक मानिसहरू जो आत्मिक रूपमा भोको छन् तिनीहरूलाई वेवास्ता गर्न पुगेको हुन्छ। हुनसक्छ आत्मिक रूपमा मर्न लागेका आत्मिक प्राणीहरूप्रति तिनीहरूको जिम्मेवारी कस्तो छ भन्ने कुरामा तिनीहरू महसुस नगर्न सक्छ जसले गर्दा तिनीहरू आफ्नै सांसारिक काममा, चर्चका

कामहरूमा, चर्चका भवनहरू राम्रो गर्ने योजनाहरूमा र अरू उचितै कामहरूमा व्यस्त गइरहेका हुन्छन्। ती सबै क्रियाकलापहरू असलै मान्नुपर्छ र आवश्यकता नै छन् तर त्यसले सुसमाचार प्रचार गर्ने कामलाई ओझेलोमा पार्नुहुन्न। असलै नियत भएका चर्चका विश्वासीहरूले कहिलेकाहीँ सुमाचार प्रसार गर्ने काममा यसरी प्रश्न गर्न सक्छन् "पास्टरबाबु, सुसमाचार प्रचार गर्ने काम राम्रै हो, तर हाम्रो चर्चमा आइसकेका मानिसहरूलाई पनि के फेरि सुसमाचारका कार्यक्रमहरू चलाउनु आवश्यक छ र?" त्यो प्रश्न उचितै नै। तर ती मानिसहरूले यो पनि प्रश्न गर्नुपर्छ "भकारीमा अन्न थुपार्नेहरूको कमीको बारेमा येशूले कहिले गुनासो गर्नुभयो र?" तर उहाँले प्रार्थनापूर्वक गर्नुभएको जिकिरचाहीँ "कटानी गर्ने अरू धेरै मानिसहरू दिनुहोस्"लाई वेवास्ता गर्नुपनि मनासिव देखिन्दैन नि?

**चर्चमा हुनेहरूलाई पनि आत्मिक रेखदेख गर्नुपर्ने आवश्यकता छ र साथै बाहिरकाहरूलाई पनि प्रभुको सुसमाचार सुनाउनुपर्ने आवश्यकता छ। ती दुईताको बीचमा संतुलन हामीले कसरी ल्याउने?**

## ५ हराइएको र भेट्टिएको (लूका १५)

येशूले आफ्ना चेलाहरूलाई कुनै साधु वा सन्तको रूप धारण गरेर कुनै एकलो जङ्गल वा कुटीमा अऱ्हाउनुभएको छैन। आफ्नै शिक्षादिक्षा र उदाहरणद्वारा येशूले समाजका विभिन्न वर्गहरूसँग मिसिन सिकाउनुभएको थियो। पापी भनेर समाजले हेपेका र समाजबाट गिरिएकाहरूसँग मिलजुल गर्न उहाँले चेलाहरूलाई आफ्नै उदाहरणद्वारा देखाउनुभएको थियो। तिनीहरूमा चरित्रहिन भन्ने नाउँ कमाउँदै यौनक्रियाको निम्ति जिऊ बेच्ने महिलाहरू (पुरूष पनि पर्न सक्छ) र समाजले मन नपराएका करका कर्मचारीहरू थिए। यदि मानिसहरूसँग वा समाजमा घुलमिल भएन भने सारा संसारका मानिसहरूलाई कसरी सुसमाचार सुनाउने? येशूका शिक्षादिक्षा प्रायजसो धर्मात्मा वा आफू साधु वा चोखो छु भन्नेहरूलाई भन्दा धर्मका रक्षकहरूले पन्छाएका पापीहरूलाई लक्षित गर्नुभएको थियो। तिनीहरू त्यस गतिमा किन पुगे भने तिनीहरू परमेश्वरको बाटोबाट हराएका हुन् भनेर येशूले बुझ्नुभएको थियो। येशू कतिको दयालु, सदाशयी र करुणामय हुनुहुन्छ भनेर त्यसबाट देखाउँछ। तिनीहरूलाई येशूले विद्रोही, अवाञ्छित तत्वहरू

पापमा पतित भएकाहरू भनेर नाम दिन सक्नुहुन्थ्यो तर उहाँले तिनीहरूलाई “हराएकाहरू" भनेर सम्बोधन गर्नुभयो।

हराउनु भन्ने शव्द अरू नकारात्मक अर्थ दिनेहरू जस्तो छैन। येशूले सम्बोधन गर्नुभएको “हराएको" भन्ने मानिसहरूलाई आलोचना गर्ने वा दोषी चस्माले हेर्ने प्रवृत्तिलाई उहाँले निको मान्नु हुन्न। येशूको अनुकरणीय उदाहरणलाई पछ्याएर हामीले पापमा परेकोहरूलाई हेप्ने होइन बरू परमेश्वरबाट बिराएर गएका हुन् भनेर सोच्नुपर्छ। येशूको अनुसार हराएको भन्ने शव्दमा प्यार देखाउँछ। फेरि हराएकाहरूलाई भेट्टाउनेहरूले तिनीहरूको रेखदेखमा कस्तो जिम्मेवारी हुनुपर्छ भन्ने आभास पनि येशूको वचनमा पाउँछौं। कसैलाई नकारत्माक शव्द प्रयोग गरियो वा नकारात्मक अर्थमा हेरियो भने त्यो व्यक्ति हामीबाट हच्केर जान सक्छ। तर भद्र भाषा प्रयोग गर्दा हराएकाहरूलाई स्नेह देखाएको र मित्रवत सम्बन्धमा रहन आह्वान गरेको देखिन्छ। त्यसकारण हामीले जे कुरा वाख्या गर्न खोजेतापनि वा जसलाई सम्बोधन गर्नुपरेतापनि हामीले बोल्ने बोलीचालीमा सतर्क अपनाउनु पर्दछ। किनभने हामीहरूको सोचविचारले नै अरूप्रतिको भावनाहरूलाई ठूलो प्रभाव पार्न सक्छ।

येशूले दिनुभएको विद्याभरि विश्वासीहरूले हराएकाहरूलाई भेट्टाउन उत्साह दिनुहुन्छ। सुसमाचारका पुस्तकहरूमा त्यस विषयलाई जोड दिएको हामी पाउँछौं। हराएका वा परमेश्वरबाट टाडा रहेका मानिसहरूले जे गरेतापनि वा जुन अवस्थामा तिनीहरू रहेतापनि तिनीहरूप्रति माया र स्नेह देखाइ हामीहरूको हात अघि बढाओस् भन्ने येशूको ठूलो चाहना छ।

“हामीहरूले गर्नुपर्ने यो सेवा परमेश्वरले हामीलाई सुम्पनुभएको छ-“बिनाकारण सिक्रीमा बाँधिएकाहरूलाई स्वतन्त्र पार्ने। मानिसहरूलाई दास बनाउने डोरीहरूलाई फुकाल्ने। जो मानिसहरू पिल्सिएका छन्, दविएका छन्, पराजित भएका छन् तिनीहरूलाई उद्धार गर्ने। प्रत्येक दुष्ट सिक्रीलाई भाँच्ने। आफ्नो परिवारका आवश्यकताहरूलाई पूरा गर्ने।" यशैया ५८ः६,७ (रूपान्तरित)। हामी आफै पनि त्यस्ता पापीहरू हौं भनेर बुझ्नु पर्छ जसलाई स्वर्गको परमेश्व पिताको प्रेमले मात्र उद्धार गर्नसक्नुहुन्छ। यदि यस सोचलाई

हामीहरूले आत्मसात् गर्न सक्षम् भयौं भने पापको दुःखमा परिरहेका मानिसहरूप्रति कोमल र सदाशयता देखाउन सकिने हुन्छौं। दुर्गती भोगीरहेका र पछुताव गर्नेहरूबाट हामी ईख र आलोचना खप्नुपर्ने छैन। जब स्वार्थको बरफ हाम्रो हृदयबाट पग्लिन्छ तब हामी परमेश्वरसँग मिलेर सहानुभूतिको अनुभूति प्राप्त गर्न सक्छौं। त्यसको फलस्वरुप हराएकाहरू परमेश्वरमा आउँदा पाउने आनन्द हामीले उपभोग गर्न सक्दछौं।"-एलेन जी ह्वाइट, क्राइ्ट अबजेक्ट लेसनस, पृ. २१०, २११बाट रूपान्तरित।

"हराएकाहरू" भन्ने शव्द प्रयोग गरि येशूले लूका १५ अध्यायमा केही अर्तिकथाहरू भन्नु भएको छ। ती अर्तिकथाहरूबाट हामीले के महत्त्वपूर्ण विद्या सिक्नसक्छौं सो हेरौं। परमेश्वरबाट टाडा रहेका वा हराएर बसेकाहरूप्रति हामीहरूको उत्तरदायित्त्व कस्तो हुनुपर्छ र तिनीहरूलाई कुन् दृष्टिले हामीले हेर्नुपर्छ सो पनि सोचौं। हेर्नुहोस्:

" १ कर उठाउनेहरू र पापीहरू सबै उहाँको वचन सुन्नलाई उहाँको नजिक आइरहेका थिए। २ "यस मानिसले त पापीहरूलाई ग्रहण गर्दछ, र तिनीहरूसँग खानपान गर्छ" भनी फरिसीहरू र शास्त्रीहरू गनगनाउन लागे। ३ तब उहाँले तिनीहरूलाई यो दृष्टान्त भन्नुभयोः

४ "तिमीहरूमध्ये कुन मानिस होला, जसको एक सय भेड़ामध्ये एउटा हराउँदा उनान्सयलाई वनमै छोड़ेर हराएको भेड़ा नपाउञ्जेल त्यसको खोजी गर्दैन? ५ हराएको भेड़ा भेट्टाएपछि रमाउँदै त्यसलाई आफ्नो काँधमा राख्छ, ६ र घरमा आएर उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाउँछ, र तिनीहरूलाई भन्छ, 'मसँग रमाओ, किनभने मैले आफ्नो हराएको भेड़ा पाएको छु।' ७ म तिमीहरूलाई भन्दछु, यसरी पश्चात्ताप गर्नु नपर्ने उनान्सय धार्मिक जनहरूका लागि भन्दा पश्चात्ताप गर्ने एक जना पापीको लागि स्वर्गमा अझ बढ़ी आनन्द हुनेछ।

८ "कुन स्त्री होली जसको दश चाँदीका सिक्कामध्ये एउटा हरायो भने बत्ती बालेर उसले त्यो नपाउञ्जेल घर बढ़ारिकन मेहनतसँग खोज्दिन? ९ हराएको सिक्का पाएपछि उसले आफ्ना मित्रहरू र छिमेकीहरूलाई बोलाएर भन्छे, 'मसँग रमाओ, किनभने मैले मेरो हराएको सिक्का पाएकी छु।' १० म तिमीहरूलाई भन्दछु, यसरी नै पश्चात्ताप गर्ने एक जना पापीको लागि परमेश्वरका स्वर्गदूतहरूका सामुन्ने आनन्द हुन्छ।"

११ उहाँले भन्नुभयो, “कुनै मानिसका दुई छोरा थिए। १२
कान्छाचाहिँले बाबुलाई भन्यो, ‘पिताज्यू, मेरो भागमा पर्ने धन-सम्पत्तिको
हिस्सा मलाई दिनुहोस्।’ तब तिनले आफ्नो सम्पत्ति तिनीहरूलाई
बाँड़िदिए। १३ “धेरै दिन बित्दा नबित्दै सबै धन-सम्पत्ति बटुलेर कान्छो
छोरो टाढ़ा देशमा गयो, र त्यहाँ भोग-विलासमा आफ्नो सम्पत्ति
उड़ायो।१४ त्यसले सबै रुपियाँपैसा खर्च गरिसकेको थियो। त्यसै बेला
त्यस देशमा ठूलो अनिकाल पर्‍यो, र त्यसलाई अभाव हुन थाल्यो। १५
त्यो गयो, र त्यस देशको एक जना नागरिककहाँ त्यसले काम माग्यो।
उसले त्यसलाई आफ्नो खेतमा सुँगुरहरू चराउन पठायो। १६ सुँगुरले
खाने चारोले त्यसले आफ्नो पेट भर्न चाहन्थ्यो, अनि कसैले त्यसलाई
केही दिँदैनथियो। १७ “जब त्यसको चेत खुल्यो, त्यसले भन्यो, ‘मेरा
बाबुका धेरै ज्यालादारी चाकरहरू भरपेट खाएर उबार्ने गर्छन्, तर मचाहिँ
भोकले मरिरहेछु। १८ म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई
भन्नेछु, “बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको
छु। १९ अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ। मलाई
तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्”।’ २० तब
त्यो उठेर आफ्ना बाबुकहाँ गयो। “तर त्यो धेरै टाढ़ा छँदा त्यसका
बाबुले त्यसलाई देखे, र तिनी दयाले भरिए, र दौड़ेर गई त्यसलाई
अँगालो हालेर त्यसलाई चुम्बन गरे। २१ “छोराले तिनलाई भन्यो, ‘बुबा,
मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु। म फेरि
तपाईंको छोरो भनिने योग्यको छैनँ।’ २२ “तर बाबुचाहिँले आफ्ना
कमाराहरूलाई भने, ‘झट्टै सबैभन्दा असल वस्त्र ल्याएर यसलाई
पहिराइदेओ। यसको हातमा औँठी, र खुट्टामा जुत्ता लगाइदेओ, २३ र
पुस्टाइराखेको पशु मार, र हामी खाएर आनन्द मनाऔं।२४ किनकि यो
मेरो छोरो मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको
छ।’ तब तिनीहरू आनन्द मनाउन लागे। २५ “त्यस बेला तिनको जेठो
छोरो खेतमा थियो, र त्यो घरको नजिक आइपुग्दा त्यसले नाचगानको
आवाज सुन्यो। २६ त्यसले चाकरहरूमध्ये एउटालाई आफूकहाँ बोलाएर
‘यो के भइरहेछ?’ भनेर सोध्यो। २७ उसले त्यसलाई भन्यो, ‘तपाईंका
भाइ आइपुगे, र तपाईंका पिताले पालिराखेको मोटो पशु मार्नुभयो।
किनकि उहाँले तिनलाई सकुशल र स्वस्थ फर्किआएका भेट्टाउनुभयो।’

२८ "तर त्यो रिसायो, र भित्र जान मानेन, र त्यसको बाबुले बाहिर गएर त्यसलाई मनाउन लागे। २९ तर त्यसले बाबुलाई भन्यो, 'हेर्नुहोस्, यतिका वर्ष मैले तपाईंको सेवा गरिरहेछु, अनि तपाईंको आज्ञा कहिल्यै उल्लङ्घन गरिनँ, तापनि मैले आफ्ना साथीहरूसँग आनन्द मनाउन तपाईंले मलाई एउटा पाठो पनि कहिल्यै दिनुभएन। ३० तर तपाईंको सम्पत्ति वेश्याहरूसँग उड़ाउने यो तपाईंको छोरो आउँदाचाहिँ तपाईंले पालिराखेको मोटो पशु त्यसको निम्ति मार्नुभयो।' ३१ "तब तिनले त्यसलाई भने, 'छोरा, ताँ त मसँग सधैंभरि छँदैछस्, अनि मेरो सबै सम्पत्ति तेरै हो। ३२ तर हामीले आनन्द मनाउनु र खुशी हुनु उचित थियो, किनकि यो तेरो भाइ मरेको थियो, फेरि जीवित भएको छ, हराएको थियो, र पाइएको छ'।"

## उपसंहार

थप जानकारीः एलेन जी ह्वाइटद्वारा लिखित द डिजाएर अभ एजेजको पृ. ४८८-४९६को "द लास्ट जर्नी फ्रम गालिली", पृ. ४३६-४४०को "हु इज द ग्रेटेस्ट?", द आक्टस अभ आपोस्टलस्, पृ. १७-२४को "द ट्रेनिङ्ग अभ द ट्वेल्भ", पृ. २५-३४को "द ग्रेट कमिसन", र पृ. ४७-५६को "द गिफ्ट अभ द स्पिरिट।"

"आफ्ना आत्मिक आवश्यकताहरू भएको चेलाहरूले महसुस गरेका थिए र तिनीहरूलाई मानिसहरूलाई मुक्तिको सन्देश सुनाउने पवित्र कामको निम्ति येशूको पवित्र आशिषको निम्ति पुकार गरेका थिए। तिनीहरूले केवल आफ्नो निम्तिमात्र आशिष मागेनन्। अरू मानिसहरूले पनि मुक्ति पाउनुपर्छ भन्ने बोझले तिनीहरू लादिएका थिए। सुसमाचार सारा संसामा फैलाउनुपर्छ भन्ने महसुस तिनीहरूले गरेका थिए। अनि ख्रीष्टले कबूल गर्नुभएको शक्तिलाई तिनीहरूले दावी गरे।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ द आपोस्टल्स,* पृ. ३७बाट रूपान्तरित।

## चिन्तनमननः

अ. चेलाहरू वा येशूभक्त बनाउन येशूले अपनाउ भएका के के तरिकाहरूलाई आजका विश्वासी धर्मगुरूहरूले प्रयोग गर्न सक्दछन्? तपाईंको चर्चमा त्यस्ता तालिमले कस्तो नतिजा ल्याउन सक्छ होला, कल्पना गर्नुहोस्।

**आ.** यस अध्यायको पाँचौं भागमा हामीहरूले प्रयोग गर्ने शव्द र भाषाको बारेमा छलफल गरेका थियौं। हामी सेभेन्थ-डे आडभेन्टिस्टले कस्ता कस्ता शव्दहरू प्रयोग गर्छौं सोच्नुहोस्। कुनै पनि शव्दहरूको अर्थ हामीहरूले आआफ्नै अर्थमा बुझ्छौं होला। तर हामीले प्रयोग गर्ने भाषा वा शव्द अरूले नबुझ्दा तिनीहरूले कस्तो अर्थमा लिन सक्छ, त्यो सोच्नुहोस्। विशेष गरेर हामीले प्रचार गर्न पहुँच गर्दा हामीले कस्तो शव्दहरू प्रयोग गर्नुपर्छ र हामीले गरेका शव्द वा भाषाहरूप्रति हामी सतर्क किन हुनुपर्छ सो सोच्नुहोस्।

**इ.** "एउटा माग्नेले अर्को माग्नेलाई रोटी कहाँ पाउँछ" भन्ने अभिव्यक्तिको बारेमा सोच्नुहोस्। सुसमाचार प्रसारप्रचार र गवाही दिने प्रक्रियामा त्यो अभिव्यक्तिले पूरा रूपमा कसरी वाख्या गर्छ? उदाहरण र त्यसको अर्थ के हुन्छ वा हुन आउँछ भन्ने कुराको महत्त्वतालाई हामीले किन विर्सनुहुन्न?

**ई.** तपाईंको स्थानिय चर्चको बारेमा तपाईं के भन्नुहुन्छ? के तपाईंको चर्च आफ्नै समस्या र आवश्यकतामा केन्द्रित भएको छ कि सुसमाचार प्रचारप्रसार गर्ने काममा पनि चिन्तित भएको छ? अरूलाई सुसमाचार प्रचार गर्ने कुरामा सजग भइयो भने् आफ्नै चर्चलाई कसरी सहयोग हुनसक्छ? अर्थात् केवल सुसमाचार प्रचारप्रसार गरेर धेरैलाई इसाई बनाउने जोशमा मात्र हिंडदा आफ्नै चर्चका आवश्यकताहरूलाई पनि के तपाईंको चर्चले वेवास्ता गरिरहेको छ? सुसमाचार प्रचारप्रसार गर्न कार्यक्रमले ती प्रश्नहरूको जवाफ कसरी उचितरूमा दिन सक्छ?